बैठक संख्याः ५९ मितिः २०८२।११।१२ समयः बिहान ११:०० बजे

आज मिति २०८२।११।१२ गते गुराँस गाउँपालिका दैलेखको ५९ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

**तपसिलः**

श्री टोप बहादुर वि.सी. – गाउँपालिपालिका अध्यक्ष

श्री शिवा कुमारी खड्का – गाउँपालिपालिका उपाध्यक्ष

श्री धर्म बहादुर रावल – वडा अध्यक्ष वडा नं. १

श्री शेर बहादुर रावल – वडा अध्यक्ष वडा नं. २

श्री काँशीराम शर्मा – वडा अध्यक्ष वडा नं. ३

श्री खड्क बहादुर शाही – वडा अध्यक्ष वडा नं. ४

श्री भुपेन्द्र बहादुर चन्द – वडा अध्यक्ष वडा नं. ५

श्री चन्द्र बहादुर राना – वडा अध्यक्ष वडा नं. ६

श्री नन्द बहादुर वि.सी. – वडा अध्यक्ष वडा नं. ७

श्री दिपेन्द्र वली – वडा अध्यक्ष वडा नं. ८

श्री अमृता कुमारी वि.सी. – कार्यपालिका सदस्य

श्री विर्मा वि.क. – कार्यपालिका सदस्य

श्री पम्फि वि.क. – कार्यपालिका सदस्य

श्री भुमीसरा वली – कार्यपालिका सदस्य

श्री कुलविर वि.क. – कार्यपालिका सदस्य

श्री सम्झना कुमारी वुढा – कार्यपालिका सदस्य

श्री डिनायट घर्ती – प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित कर्मचारी**

| | | |
|---|---|---|
| १. | मदन प्रकाश मल्ल | शाखा अधिकृत |
| २. | दिपक केसी | वरिष्ठ लेखा अधिकृत |
| ३. | पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ४. | वाल कुमारी वि.सी. | कार्यालय सहयोगी |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. ढुङ्गा गिट्टी बालुवाको उत्खनन् तथा विक्री वितरण सम्वन्धमा।

३. प्रदेश समपुरक तथा विशेष अनुदान सम्वन्धी योजना छनौंट सम्वन्धमा।

४. म्याद थप सम्वन्धमा।

५. बधाई तथा आर्थिक सहायता अनुमोदन सम्वन्धमा।

६. पालिका स्थापना दिवस मनाउने सम्वन्धमा।

७. विविध।

क) अपाङ्ग समिति तथा राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्वन्धमा।

ख) राजस्व परामर्श समितिको सिफारिस तथा निर्णय अनुमोदन सम्वन्धमा।

ग) खेलाडी प्रोत्साहन रकम भुक्तानी सम्बन्धमा।

घ) बाल खेलकुद सामाग्री हस्तान्तरण सम्वन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १**

अघिल्लो बैठकका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २**

चालु आ.व. २०८२।८३ मा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाहरुको यस आ.व.मा उत्खनन् तथा विक्री वितरणको लागि राष्ट्रियस्तरको पत्रिकामा तीन पटक सार्वजनिक सूचना जारी गर्दा समेत ठेक्काको लागि कसैले पनि उक्त खरिद तथा विक्री विक्रीको लागि प्रस्ताव पेश नगरेकोले स्थानीय राजस्व परामर्श समितिको निर्णय समेतका आधारमा यसै गाउँपालिका वडा नं. ३ कार्यालयमा कार्यरत कर्मचारी बखत खत्रीलाई परिचालन गर्ने, सहजता तथा आवश्यकता अनुसार गाउँपालिकाको राजस्व शाखाबाट समेत ढुङ्गा, गिट्टी, बालुवाहरुको उत्खनन् तथा विक्री वितरणको राजस्व संकलन गर्ने तथा संकलित राजस्वको ४ प्रतिशतले हुन आउने रकम राजस्व संकलम गर्ने कर्मचारी/सहयोगी कर्मचारीलाई प्रोत्साहन स्वरुप प्रदान गर्ने गरी अमानतबाट नियमांनुसार उत्खनन् तथा विक्री वितरण गर्ने।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ३

प्रदेश समपूरक र विशेष अनुदानको लागि आर्थिक वर्ष २०८३।०८४ को लागि कर्णाली प्रदेश योजना आयोगबाट मिति २०८२।११।०१ गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम प्रदेश समपूरक तथा विषेश अनुदानको लागि देहाय बमोजिम योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने।

देहाय

| क्र.सं. | योजना/कार्यक्रमको नाम | अनुदानको प्रकार | माग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | एक व्यवसायिक कृषक एक सिचाई पोखरी निर्माण | समपूरक | १ करोड मात्र | नयाँ |
| २ | मिनि औद्योगिक ग्राम संचालन (कृषि, वातावरण, खानेपानी, सरसफाई) | समपूरक | १ करोड मात्र | नयाँ |
| ३ | पन्ध्र सैया अस्पताल पहिरो नियन्त्रण, तल्लो डुङ्गेश्वर लोहोरे तटवन्धन र धरमपोखरा वडा कार्यालय जाने बाटो पहिरो नियन्त्रण | समपूरक | १ करोड मात्र | नयाँ |
| ४ | जनजाती सामुदायिक होम स्टे सञ्चालन | विशेष | ६० लाख मात्र | नयाँ |
| ५ | लोपोन्मुख राउटे वा अन्य समुदायको साँस्कृतिक संग्रालय कार्यक्रम, | विशेष | ६० लाख मात्र | नयाँ |
| ६ | आधारभुत आयूर्वेद सेवा केन्द्र संचालन तथा जडिबुटी प्रशोधन कार्यक्रम | विशेष | ६० लाख मात्र | नयाँ |

निर्णय नं. ४

Jagannath Nirman Sewa Birendranagar- 8, Surkhet ले मिति २०८२।१०।२९ गते निर्माण कार्य सञ्चालन भएको र म्याद थप गरिपाउँ भनी निवेदन पेश गरेअनुसार ठेक्का नं. GRM।WORKS।NCB।०२।२०८०-८१ को राष्ट्रिय मा.वि. भवन निर्माण बगौराको म्याद निर्माण सेवाको निवेदन बमोजिम सम्वन्धित शाखाको सिफारिस बमोजिम अन्तिम पटकको लागि मिति २०८३ आषाढ १५ सम्म थप गर्ने।

CamScanner

निर्णय नं. ५

Voice of Nepal Season 7 को विजेता गुरॉस गाउँपालिका वडा नं. ५, दैलेख निवासी निता कुमारी मगरले Voice of Nepal Season 7 को छनौंट चरणमा मिति २०८२।१०। गते पेश गरेको निवेदन बमोजिम स्थानीय निकायबाट राष्ट्रिय प्रतिभा प्रोत्साहनको लागि अध्यक्षज्यूको आदेशानुसार कार्यालयबाट आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराइएको रु ५०,०००। (अक्षरुपी पचाँस हजार मात्र) भुक्तानी अनुमोदन गर्ने।

निर्णय नं. ६

नेपालको संविधान बमोजिम स्थानीय तहको रुपमा मिति २०७३ साल देखि तीन तह मध्ये एक तह स्थानीय तहको रुपमा गुराँस गाउँपालिकाको पनि स्थापना भएको हुँदा २०८२ फाल्गुन २७ गते ९ औं स्थापना दिवस भव्य रुपमा मनाउने।

निर्णय नं. ७ विविध।

(क) अपाङ्ग समन्वय समितिको मिति २०८२ फाल्गुन ०१ गते वसेको वैठकको निर्णयअनुसार कुल ४४ जना ग र घ वर्गको अपाङ्ग परिचयपत्र वितरण गर्ने निर्णयलाई अनुमोदन गर्ने।

(ख) स्थानीय राजस्व परामर्श समितिको मिति २०८२ फाल्गुन १ गतेको निर्णय तथा सिफारिसलाई अनुमोदन गर्ने।

(ग) सिद्धमालिका युवा क्लवले यस कार्यालयमा दिएको निवेदन बमोजिम खेलकुद कार्यक्रममा सहभागिता हुँदाको खर्च रकम रु ३०,०००। मात्र न्यू आर.सी. होटल एण्ड लज चिङ्गाड गाउँपालिका अवलचिङ सुर्खेतलाई विविध शिर्षकबाट भुक्तानी दिने।

(घ) गुराँस गाउँपालिकाको वाल विकासका लागि गुराँस गाउँपालिकामा साझेदार संस्था सेभ द चिल्ड्रेन/सोसेक नेपालबाट प्राप्त भएका वाल उद्यानका लागि वाल खेलकुद सामाग्री पालिका परिसरमा स्थापना गरिएको र बाँकी सामानहरु गाउँपालिका श्री सरस्वति सामुदायिक वन उपभोक्ता समितिले माग गरे अनुसार गुराँसे भ्यू टावरमा जडान गर्ने गरी सम्वन्धित सामुदायिक वनलाई अध्यक्षज्यूबाट सामान हस्तान्तरण गर्ने साथै गुराँसे भ्यू टावरलाई राजस्वको दायरा भित्र आउन समेत निर्देशन दिने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

२०८२।११।१२

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

विविध (ङ) मा छलफल गर्दा यस पालिकाको हालसम्म आफ्नो प्रशासकीय भवन समेत नभएको, सहरी विकास मन्त्रालयबाट हालसम्म कुनै पनि योजना विनियोजन नभएको, गाउँपालिकाको केन्द्र रहेको ठाउँ कर्णाली प्रदेशको पर्यटकीय केन्द्र रहेको कुरा समेतलाई मध्यनजर गर्दै ५०० दर्शक सिट क्षमतको सभा हल, राउटे संग्रहालय, कोशेली गृह, पाहुनाघर, प्रशासनिक कार्य लगायतको बहुउद्देश्यीय प्रयोजनका लागि प्रारम्भिक प्राविधिक प्रतिवेदन अनुसार करिब रु.१५ करोड लागतको योजना माग गर्ने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष